गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी, (बर्दघाट सुस्ता पूर्व), नेपाल

जनस्वास्थ्य बुलेटिन
अंक: १७
महिना: असार
आ. व: २०८२/८३

# जनस्वास्थ्य बुलेटिन- असार २०८३

| मुख्य उपलब्धीहरु | मासिक कार्यक्रम सारांश |
|---|---|
| ☐ गण्डकी प्रदेश स्वास्थ्य मन्त्रीद्वारा कार्यालय अनुगमन<br>☐ MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम<br>☐ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी समन्वयात्मक बैठक<br>☐ खाद्यजन्य विषाक्तताको अनुसन्धान तथा फिल्ड अनुगमन कार्<br>☐ विद्यार्थीहरूको रुमाटिक हार्ट डिजिज (RHD) स्क्रिनिङ कार्यक्रम<br>☐ परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रम अनुगमन<br>☐ कालाजार रोग तथा विषादी छिडकाउ सम्बन्धी अन्तरक्रिया कार्यक्रम<br>☐ तालिम सम्पन्न: CB-IMNCI, तथा खोप कार्यक्रम आधारभूत तालिम | संचालित कार्यक्रम कुल संख्या: ३०<br>कार्यक्रम प्रकारअनुसार:<br>तालिम: ०४<br>अभिमुखीकरण: ०७<br>अन्तरक्रिया तथा गोष्ठी: ०८<br>स्थलगत अनुशिक्षण: ०९<br>अनुगमन तथा सुपरिवेक्षण: ०६<br>समिक्षा तथा अन्य बैठक: ०२<br>समुदाय साझेदारी कार्य: ०४ |

## संचालित कार्यक्रमहरुको विवरण

### गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रीद्वारा प्रदेश जनस्वास्थ्य कार्यालयको स्थलगत अनुगमन

मिति २०८३/०३/२६ का दिन गण्डकी प्रदेशका माननीय स्वास्थ्य मन्त्री श्री लक्ष्मण बहादुर पाण्डेज्यूले प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को स्थलगत अनुगमन गर्नु भएको थियो। भ्रमणका क्रममा कार्यालयमार्फत सञ्चालित प्रमुख जनस्वास्थ्य कार्यक्रम तथा सेवाहरूको कार्यान्वयन अवस्थाबारे जानकारी लिनुका साथै आर्थिक वर्ष २०८२/८३ का प्रमुख उपलब्धि र आगामी कार्ययोजनाबारे संक्षिप्त प्रस्तुतीकरण गरिएको थियो।





## MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम

पप्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत देवचुली नगरपालिकाको देवचुली नगर अस्पतालमा क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको छ । क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रममा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, प्रि-एक्लेम्पसिया/ एक्लेम्पसिया व्यवस्थापन, निशासिएको नवशिशुको व्यवस्थापन, संक्रमण रोकथाम र नियन्त्रण जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको थियो साथै अनसाईट कोचिङको तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QI) गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।





## किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तरक्रिया

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत परिवार कल्याण कार्यक्रम अन्तर्गत “किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी समन्वयात्मक बैठक तथा अन्तरक्रिया” मिति २०८३/०३/०२ गते मध्यविन्दु प्रादेशिक अस्पताल मा सम्पन्न भएको छ। कार्यक्रममा “किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९” का प्रमुख व्यवस्था, सेवा मापदण्ड, स्वास्थ्य संस्थाको तयारी अवस्था, सेवा सञ्चालन प्रक्रिया तथा प्रभावकारी कार्यान्वयनका विषयमा विस्तृत छलफल गरिएको थियो।






## खाद्यजन्य विषाक्तताको अनुसन्धान तथा फिल्ड अनुगमन कार्य

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र कावासोती नगरपालिकाको संयुक्त सहकार्यमा खाद्यजन्य विषाक्तता (Food Poisoning) घटनासम्बन्धी अनुसन्धान तथा फिल्ड अनुगमन कार्य सम्पन्न गरिएको छ। अनुसन्धानका क्रममा प्रभावित व्यक्तिहरूसँग भेटघाट, आवश्यक विवरण संकलन, खाद्य तथा दिसा नमुना संकलन तथा सम्भावित जोखिम कारकहरूको पहिचान गरिएको थियो। संकलित नमुनाहरू प्रयोगशाला परीक्षणका लागि पठाइएको छ। यस अनुसन्धानले घटनाको कारण पहिचान तथा आवश्यक सार्वजनिक स्वास्थ्य प्रतिकार्यका लागि महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।





## १२ औँ अन्तर्राष्ट्रिय योग दिवस विशेष वृहत नसर्ने रोग पहिचान तथा रोकथाम शिविर सम्पन्न

१२ औँ अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मध्यविन्दु प्रादेशिक अस्पताल तथा प्रदेश आयुर्वेद चिकित्सालयको संयुक्त आयोजना र कावासोती नगरपालिकाको सहकार्यमा सिद्धार्थ माध्यमिक विद्यालय परिसर, सिद्धार्थ योग साधना केन्द्र, कावासोती मा वृहत नसर्ने रोग पहिचान तथा रोकथाम शिविर सम्पन्न भएको छ। शिविरमा ३० वर्षभन्दा माथिका नागरिकहरूको मधुमेह, उच्च रक्तचाप, मुटु तथा रक्तनलीसम्बन्धी रोग, रक्तअल्पता तथा मानसिक स्वास्थ्य समस्याको स्क्रिनिङ गरिएको थियो।






## परिवार कल्याण महाशाखाद्वारा जिल्लामा परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रम अनुगमन

मिति २०८३/०३/०८ गतेका दिन परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग तथा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को संयुक्त टोलीद्वारा मध्यविन्दु प्रादेशिक अस्पताल र मध्यविन्दु नगर अस्पतालमा सञ्चालित परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमको अनुगमन तथा प्राविधिक सहजीकरण गरिएको थियो । अनुगमन टोलीमा परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग वरिष्ठ नर्सिङ प्रशासक श्री शर्मिला दाहाल, साथै साथै प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)बाट पब्लिक हेल्थ नर्स निरीक्षक MNH तथा प्रजनन स्वास्थ्य कार्यक्रम फोकल पर्सन श्री भूमिका निरौला, जनस्वास्थ्य अधिकृत तथा परिवार योजना एवं किशोर स्वास्थ्य कार्यक्रम फोकल पर्सन श्री सागर पराजुली सहभागी हुनुहुन्थ्यो।





## विद्यार्थीहरूको रुमाटिक हार्ट डिजिज (RHD) स्क्रिनिङ कार्यक्रम


प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा जिल्लाका ८ स्थानीय तहहरुमा सञ्चालित वाथ मुटु रोग विशेष स्क्रिनिङ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। बालबालिकामा देखिन सक्ने मुटु सम्बन्धी समस्याको समयमै पहिचान, आवश्यक परामर्श तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले जिल्लाका विभिन्न विद्यालयमा इकोकार्डियोग्राफीमार्फत स्क्रिनिङ गरिएको थियो। इकोकार्डियोग्राफीमार्फत परीक्षण: १,४३०, RHD पहिचान: २ जना, CHD पहिचान: ८ जना, अन्य Non-Rheumatic मुटु सम्बन्धी समस्या: ५ जना





## कालाजार रोग तथा विषादी छिडकाउ सम्बन्धी जनप्रतिनिधि तथा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम

कालाजार रोग नियन्त्रण तथा रोकथामका लागि विनयी त्रिवेणी गाउँपालिका वडा नं. ०३ को वार्ड कार्यालयमा कालाजार रोग तथा विषादी छिडकाउ *(Indoor Residual Spraying-IRS)* सम्बन्धी जनप्रतिनिधि तथा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा सम्पन्न उक्त कार्यक्रममा वडा जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।






## एच.आई.भी. सम्बन्धी भेदभाव तथा लाञ्छना न्यूनीकरणका लागि अभिमुखीकरण कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा विनयी त्रिवेणी गाउँपालिका वडा नं. ०१ स्थित विनयी त्रिवेणी आधारभूत अस्पताल, दुम्किवास मा एच.आई.भी. सम्बन्धी भेदभाव तथा लाञ्छना न्यूनीकरणका लागि जनप्रतिनिधिहरू, सुरक्षाकर्मीहरू, लक्षित समूह तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा एच.आई.भी. संक्रमण वर्तमान अवस्था, संक्रमण रोकथामका उपायहरू, परीक्षण तथा उपचार सेवाको उपलब्धता, संक्रमित व्यक्तिहरूले भोग्नुपरेका सामाजिक लाञ्छना तथा भेदभावका प्रभावहरूबारे जानकारी प्रदान गरिएको थियो।





## स्वास्थ्य व्यवस्थापन सम्बन्धी पत्रकारिता तालिम सम्पन्न

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत स्वास्थ्य व्यवस्थापन सम्बन्धी पत्रकारिता तथा स्वास्थ्यसम्बन्धी सूचना सञ्चार तालिम नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को समन्वयमा आयोजित उक्त तालिममा जिल्लाका छापा, रेडियो, टेलिभिजन तथा अनलाइन सञ्चार माध्यममा कार्यरत पत्रकारहरूको सक्रिय सहभागिता रहेको थियो। तालिममा स्वास्थ्य व्यवस्थापन, स्वास्थ्यसम्बन्धी सूचना तथा सन्देशको प्रभावकारी सम्प्रेषण, तथ्यमा आधारित स्वास्थ्य समाचार लेखन, स्वास्थ्य पत्रकारिताको नैतिक पक्ष तथा जनस्वास्थ्य प्रवर्द्धनमा सञ्चार माध्यमको भूमिकालगायत विषयमा सहजीकरण गरिएको थियो।







## कालाजार नियन्त्रणका लागि अन्तरंग विषादी छिडकाउ कार्य सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत विनयी त्रिवेणी गाउँपालिका वडा नं. ०३, चन्दनटार मा कालाजार नियन्त्रणका लागि अन्तरंग विषादी छिडकाउ *(Indoor Residual Spraying IRS)* गर्ने कार्य सम्पन्न गरिएको छ। कालाजार संक्रमण पुष्टि भएको बिरामीको घरलाई केन्द्रबिन्दु मानी निर्धारित मापदण्डअनुसार आसपासका घरहरूमा अन्तरंग विषादी छिडकाउ गरिएको हो। यस कार्यक्रमको उद्देश्य कालाजार सार्ने बालुवे झिंगाको नियन्त्रण गरी रोगको थप संक्रमण रोकथाम गर्नु हो।





## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) १० दिने आधारभूत तालिम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा विनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा मिति २०८३/०३/०१ देखि २०८३/०३/१० सम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका १० दिने आधारभूत तालिम सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त तालिममा विनयी त्रिवेणी गाउँपालिकाका हालसम्म आधारभूत FCHV तालिम प्राप्त नगरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। तालिममा प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, परिवार योजना, पोषण, सरुवा तथा नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण, खोप सेवा, समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली लगायतका विषयहरूमा विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो।





## रक्तदान सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा नेपाल रेडक्रस सोसाइटीका सम्बन्धित उपशाखाहरू र नवलपुर रक्तसञ्चार सेवा केन्द्रको समन्वयमा मिति २०८३/०३/१४ र १५ गते विनयी त्रिवेणी गाउँपालिका तथा कावासोतीमा रक्तदान सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा स्वेच्छिक तथा नियमित रक्तदानको महत्व, सुरक्षित रक्तदानका अभ्यास र आवश्यक समयमा पर्याप्त रगतको उपलब्धता सुनिश्चित गर्न स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायहरूको भूमिकाबारे अन्तरक्रिया गरिएको थियो।






## हार्दिक स्वागत तथा शुभकामना कार्यक्रम

मिति २०८३/०३/११ गते गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको निर्णयानुसार छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन (MPH Scholarship Bond) अन्तर्गत कामकाजका लागि प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा खटिनु भएको जनस्वास्थ्य अधिकृत (सातौं तह) श्री सबु थापालाई कार्यालय परिवारको तर्फबाट हार्दिक स्वागत तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ।





## स्वास्थ्यकर्मीलाई राष्ट्रिय खोप कार्यक्रम सम्बन्धी आधारभूत तालिम

मिति २०८३/०३/१४ देखि २०८३/०३/१८ गतेसम्म प्रादेशिक जनस्वास्थ्य केन्द्र, गण्डकी प्रदेशको आयोजना तथा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को समन्वयमा स्वास्थ्यकर्मीहरूका लागि राष्ट्रिय खोप कार्यक्रम सम्बन्धी आधारभूत तालिम सफलतापूर्वक सम्पन्न भएको छ। पाँच दिनसम्म सञ्चालन भएको उक्त तालिममा जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। तालिमको उद्देश्य राष्ट्रिय खोप कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवा प्रदायकहरूको ज्ञान तथा सीप अभिवृद्धि, सुरक्षित तथा गुणस्तरीय खोप सेवा प्रवाह सुनिश्चित गर्नुका साथै नियमित खोप कार्यक्रमलाई थप सुदृढ बनाउनु रहेको थियो। तालिममा खोप व्यवस्थापन, कोल्ड चेन, सुरक्षित खोप प्रदान गर्ने विधि, प्रतिकूल घटना (AEFI) को पहिचान तथा व्यवस्थापन, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली, खोप कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण लगायतका विषयमा सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो।






## सामुदायमा आधारित एकीकृत नवजात तथा बालरोग व्यवस्थापन (CB-IMNCI) तालिम

मिति २०८३/०३/१२ गतेदेखि २०८३/०३/१७ गतेसम्म मध्यविन्दु नगर अस्पताल, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सामुदायमा आधारित एकीकृत नवजात तथा बालरोग व्यवस्थापन सम्बन्धी ६ दिने तालिम सफलतापूर्वक सम्पन्न भएको छ। तालिममा जिल्लाका ८ स्थानीय तहरुका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत २९ जना स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो। तालिमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) प्रमुख/जनस्वास्थ्य प्रशासक केशव प्रसाद चापागाईं, वरिष्ठ बालरोग विशेषज्ञ डा. अनुप खरेल, मेडिकल अधिकृत डा.अमिषा अधिकारी, मेडिकल अधिकृत डा. अमरेश कुमार साह, जनस्वास्थ्य अधिकृत रामकुमार श्रेष्ठ, सि.अ.हे.व. अधिकृत सुशीला रिमाल तथा जनस्वास्थ्य अधिकृत छविलाल सुवेदीले गर्नुभएको थियो।





## औलो (मलेरिया) केसमा आधारित अनुसन्धान (CBI): कावासोती नगरपालिका

कावासोती नगरपालिका १०, देउपुरेमा औलो (मलेरिया) को पुष्टि भएको एक केस देखापरेपछि राष्ट्रिय औलो निगरानी तथा प्रतिक्रिया निर्देशिकाको १-३-७ निगरानी चरण अनुसार (1-3-7 Surveillance and Response) मलेरिया केसमा आधारित अनुसन्धान (Case-Based Investigation: CBI) सम्पन्न गरिएको छ। अनुसन्धान प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), कावासोती नगरपालिका तथा सम्बन्धित स्वास्थ्य संस्थाको समन्वयमा सञ्चालन गरिएको थियो। अनुसन्धानका क्रममा संक्रमित व्यक्तिको विस्तृत विवरण संकलन, यात्रा तथा जोखिम इतिहासको मूल्याङ्कन, संक्रमणको सम्भावित स्रोतको पहिचान, सम्पर्क खोज (Contact Tracing), प्रभावित क्षेत्रको जोखिम मूल्याङ्कन तथा आवश्यक जनस्वास्थ्य प्रतिक्रिया सम्बन्धी गतिविधिहरू सञ्चालन गरिएको थियो।





## कुष्ठरोग तथा अपाङ्गता नियन्त्रण कार्यक्रमको जिल्ला समीक्षा गोष्ठी

मिति २०८३/०३/२१ गते प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा गैँडाकोट नगरपालिका को समन्वयमा गैँडाकोट नगरपालिका सभाहलमा कुष्ठरोग तथा अपाङ्गता नियन्त्रण कार्यक्रमको जिल्ला समीक्षा गोष्ठी सम्पन्न भएको छ। समीक्षा गोष्ठीमा जिल्लाका ८ वटै स्थानीय तहका कुष्ठरोग तथा अपाङ्गता नियन्त्रण कार्यक्रम फोकल पर्सनहरूको सहभागिता रहेको थियो।




## नवलपरासी (बर्दघाट सुस्ता पूर्व) पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा सम्पन्न

मिति २०८३/०३/२५ गते, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) लाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्ला समन्वय समिति प्रमुख श्री बाबुराम विश्वकर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री माननीय लक्ष्मण बहादुर पाण्डे प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री जगदीश्वर उपाध्याय, जिल्ला समन्वय समिति उपप्रमुख श्री शकुन्तला लम्साल, जिल्ला समन्वय अधिकारी श्री जितेन्द्र जंग के.सी., प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख श्री केशव प्रसाद चापागाईं, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरू, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHVs), विकास साझेदार संस्था, सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।




## विश्व सुर्तिजन्य पदार्थ रहित दिवस विशेष अन्तरक्रिया कार्यक्रम- बुलिङटार गाउँपालिका

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा "विश्व सुर्तिजन्य पदार्थ रहित दिवस २०८३" को सन्दर्भमा बुलिङटार गाउँपालिकामा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सुर्तिजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य असर, यसको न्यूनीकरण तथा सुर्तिजन्य पदार्थ रहित समाज निर्माणका लागि सरोकारवालाहरूको भूमिका र सामूहिक प्रतिबद्धताबारे छलफल गरिएको थियो।





## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको 'सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८' बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको 'सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय' बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको 'सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका' बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।







### जारी भएका/संसोधित निर्देशिका/कार्यविधिहरु

- लक्षित वर्ग नि:शुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३
- गण्डकी प्रदेश सरकार आपतकालीन स्वास्थ्य सेवा तथा संक्रामक रोग व्यवस्थापन कार्यविधि, २०८३

## ‘त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)’ विशेष

### हेल्थ डेस्कबाट ‘असार २०८२’ महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण



औलों जाचँ: २२३
डेंगी जाचँ: ००
कोभिड-१९: ००
एच.आई.भी: १५५





औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ०१

- कुल परिक्षण: ३७८
- जम्मा परामर्श सेवा गरेको संख्या: १०७२ (महिला: ४९३, पुरूष: ५७९)
- जम्मा स्क्रिनिङ गरेको संख्या: ३७८ (महिला:१८०, पुरूष: १९८)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: १३३ (महिला: ३४, पुरूष: ९९)

### जिल्लाका असार महिनाका शीर्ष १० स्वास्थ्य समस्याहरुको सूची

| Rank | ICD-11 Code | स्वास्थ्य समस्या | केस संख्या | कुल OPD मध्ये प्रतिशत (%) |
|---|---|---|---|---|
| 1 | 1F20 | छालाको फंगल संक्रमण (Lichen Planus) | १,०९८ | ०.९७% |
| 2 | BA00 | उच्च रक्तचाप (Hypertension) | १,०४५ | ०.९२% |
| 3 | NA00 | चोटपटक/काटिएको घाउ (Cut Injuries) | १,०२४ | ०.९१% |
| 4 | ME84 | ढाड तथा मांसपेशी दुखाइ (Musculoskeletal Pain) | ६८२ | ०.६०% |
| 5 | 5A11 | मधुमेह (Diabetes Mellitus) | ६७१ | ०.५९% |
| 6 | CA42 | माथिल्लो श्वासप्रश्वास नलीको संक्रमण (URTI) | ६३० | ०.५६% |
| 7 | 1F70 | आन्द्राका परजीवी/कृमि संक्रमण (Intestinal Worms) | ४४६ | ०.३९% |
| 8 | CA0 | राइनाइटिस (Rhinitis) | ४१९ | ०.३७% |
| 9 | EA90 | डर्माटाइटिस/एक्जिमा (Dermatitis/Eczema) | ३५२ | ०.३१% |
| 10 | CA40 | तीव्र/तल्लो श्वासप्रश्वास नलीको संक्रमण (ARI/LRTI) | ३५२ | ०.३१% |






## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**





पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


**राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण**




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्थानीय तहको समस्या पहिचान तथा सम्बोधन विशेष कार्यक्रम
४. पूर्ण खोप सुनिश्चिता कार्यक्रम
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन
६. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चिता कार्यक्रम
३. Portable X-ray मार्फत छातीको रोग पहिचान कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. पूर्ण खोप सुनिश्चिता कार्यक्रम
४. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन
६. पूर्ण खोप सुनिश्चित कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चिता कार्यक्रम
३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन
४. सुनौलो १००० दिनका आमाहरुलाई पोषण बिशेष अभिमुखीकरण तथा पोषण लेखाजोखा कार्यक्रम
५. महिलाहरूको पाठेघरको मुखको क्यान्सर चेकजाँच स्वास्थ्य शिविर


## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण पूर्ण खोप सुनिश्चिता कार्यक्रम
३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन
४. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
५. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन र संयुक्त मूल्यांकन कार्यक्रम



## जनस्वास्थ्य कार्यालयको 'श्रावण' का लागि कार्ययोजना

- मासिक कर्मचारी बैठक तथा बार्षिक कार्यसम्पादन समिक्षा बैठक
- आर्थिक वर्ष २०८२/८३ संघ सशर्त अनुदान तथा प्रदेश समानीकरण वार्षिक कार्यक्रमहरुको समिक्षा (कार्यालय)
- श्रवाण, भाद्र र आश्विन महिना : डेंगी सचेतना तिन महिने अभियान कार्ययोजना तयारी बैठक (कार्यालयमा)
- मानसिक स्वास्थ्य सम्बन्धी सचेतना अभियान कार्ययोजना तयारी बैठक (कार्यालयमा)

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गर्मी मौसममा जिल्लाबासीहरूलाई अत्यधिक गर्मीबाट जोगिन हल्का कपडा लगाउन, प्रशस्त पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्न, तथा दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन हार्दिक अनुरोध गर्दछ।
- प्रदेश जनस्वास्थ्य कार्यालय गर्मी मौसममा देखिने विभिन्न स्वास्थ्य समस्याहरू जस्तै डिहाइड्रेसन, झाडापखाला, टाइफाइड, सनस्ट्रोक तथा छालासम्बन्धी समस्याबाट बच्न विशेष स्वास्थ्यमा ख्याल दिन र कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत, +९७७ ९८५७०७९२३६, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख, +९७७ ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय):** ११९५













